बारागढी गाउँपालिकाद्वारा प्रकाशित

# बारागढी गाउँपालिका

खण्ड : ५ संख्या : २ मितिः २०७९/०९/०५ गते

## भाग २

## बारागढी गाउँपालिका
## मधेश प्रदेश, नेपाल

## ग्यास सिलिण्डर तथा चुलो सेट वितरण सम्बन्धी कार्यविधी २०७९

गाउँकार्यपालिकाबाट स्वीकृति मितिः २०७९/०९/०४ गते

**प्रस्तावना**

बारागढी गाउँपालिका क्षेत्रभित्रमा बसोबास गर्ने सम्पुर्ण घर धुरी लाई "एक घर एक ग्याससिलिण्डर तथा चुलो सेट वितरण कार्यक्रम" रहेका मधेशी, दलित, जनजाती, मुस्लिम, सिमान्तकृतसमपुर्ण वर्गका यस गाउँपालिकाको क्षेत्रमा बसोबास गर्ने तथा विपन्न वर्गका महिलाहरुको स्वास्थ्य स्थितिमा सुधार ल्याउन महिलाहरुको घरायसी कार्यबोझ कम गरी अर्थोपार्जनका क्रियाकलापहरुमा प्रेरित गर्न तथा आ व २०७९।०८० को गाउँसभाबाट पारित निती तथा कार्यक्रम अन्तर्गत धुलो मुक्त गाउँपालिका वनाउने निति भएको हुनाले यस गाउँपालिका भरी बसोबास गर्ने महिलाहरुको ईन्धन माथि रहेको जंगलको परनिर्भरता घटाउन र खान पकाउने प्रयोजनको लागि प्रयोग गरिने ईन्धनको सुनिश्चिता गर्न नेपालको संविधानको अनुसूचि -८ तथा स्थानिय सरकार संचालनको ऐन २०७४ को दफा १०२ को उपदफा ३ ले गाउँपालिकालाई प्रयोग गरी बारागढी गाउँपालिकाको ग्यास सिलिण्डर तथा चुल्हो वितरण स[illegible] कार्यविधि तर्जुमा गरी कार्यपालिकाबाट स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस कार्यविधिको नाम बारागढी गाउँपालिकाको ग्यास सिलिण्डर तथा चुल्हो वितरण सम्बन्धी कार्यविधि २०७९ रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ न लागेमा यस कार्यविधिमा

(क) "अध्यक्ष" भन्नाले बारागढी गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले बारागढी गाउँपालिकाका उपाध्यक्षलाई सम्झनुपर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बारागढी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले बारागढी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

(ङ) "वडा अध्यक्ष" भन्नाले बारागढी गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्छ ।

(च) "वडा समिति" भन्नाले बारागढी गाउँपालिकाको वडा समिति सम्झनुपर्छ ।

(छ) "सदस्य" भन्नाले बारागढी गाउँपालिकाको सदस्य तथा वडा समिति सम्झनुपर्छ ।

ज "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

(झ) "सभा" भन्नाले गाउँसभालाई सम्झनुपर्छ ।

(ञ) "गाउँ स्तरीय वितरण समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समितिलाई सम्झनुपर्छ ।

(ट) "संयोजक" भन्नाले यस कार्यविधि बमोजिम गठित समितिको संयोजकलाई सम्झनुपर्छ ।

(ठ) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनुपर्छ।

(ड) "स्थानीय तह" भन्नाले बारागढी गाउँपालिकालाई सम्झनुपर्छ ।

(ढ) "लाभग्राही" भन्नाले गाउपालिका क्षेत्रभित्र गाउँकार्यपालिका/

वितरण समितिले निर्धारण गरेको मापदण्ड बमोजिम दिने गरी बसोबास गर्ने नेपाली नागरिकलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## ग्यास सिलिण्डर तथा चुल्हो व्यवस्थापन सम्बन्धी प्रक्रिया

३. लाभग्राही घरपरिवार छनौट प्रक्रिया:

(१) गाउँपालिका स्तरीय कार्यक्रमको हकमा यस गाउँपालिकाभित्र बसोबास गर्ने लाभग्राही घर परिवारको तथ्याङ्क अनुसूची -१ को ढाँचाम संकलन गरी तपसिलको समितिको निर्णय बमोजिम अनुसूची -२ को ढाँचामा दफा ५ को समिति समक्ष पठाउनु पर्नेछ।

तपसिल:

गाउँपालिकाका अध्यक्ष:- संयोजक

सम्पुर्ण वडा अध्यक्ष:-सदस्य

तोकीएको कार्यपालिका सदस्य:- सदस्य

प्रमुख प्रशासकीय अधिकृत:- सदस्य

४. लाभग्राही घरपरिवारको छनौटको आधारहरु:

१ गाउँपालिकाको स्थायी बासिन्दा ।

२ नेपाली नागरिक ।

३ गाउँपालिकाभित्र बसोबास गर्ने नागरिक्ता प्राप्त छुटै भान्सा भएको एक घर एक परिवारलाई

४ यस पुर्व यस गाउँपालिकाबाट कुनैपनि सेवा सुविधा प्राप्त नगरेको।

५. गाउँ स्तरीय लाभग्राही घरपरिवार छनौट समिति:

(१) दफा ३ को उपदफा १ र उपदफा २ बमोजिमको समितिहरुबाट छनौट भई आएका लाभग्राही घरपरिवारको अन्तिम छनौट गर्न तपसिल बमोजिमको गाउँ स्तरीय छनौट समिति रहनेछ ।

गाउँपालिका अध्यक्ष: संयोजक

उपाध्यक्ष: सदस्य

प्रमुख प्रशासकीय अधिकृत: सदस्य

सम्वन्धित वडाका वडा अध्यक्ष: सदस्य

तोकीएको कार्यापालीका सदस्य:सदस्य

(२) प्रशासन शाखाका शाखा प्रमुखले सदस्य सचिवको कार्य गर्नेछ ।

उपरोक्त समितिले अनुसूची-२ बमोजिमको ढाँचामा विवरण तयार गर्नेछ।

(३) उक्त समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

५ जनशक्ति व्यवस्थापन:

(१) लाभग्राही घरपरिवारको तथ्याङ्क संकलन तथा ग्यास सिलिण्डर सेट वितिरण गर्ने क्रममा जनशक्ति अपुग भएमा यसै कार्यक्रमको र कमबाट खर्च व्यहोर्ने गरी जिल्ला दररेटलाई आधार मानी दैनिक ज्यालादारीको रुपमा खटाई हाजरी प्रमाणित गरी सेवा सुविधा उपलब्ध गराईनेछ ।

६ वितरण सम्बन्धी व्यवस्था:

(१) दफा ५ को समिति मार्फत छनौट भएका लाभग्राही घरपरिवारलाई ग्यास सिलिण्डर तथा चुल्हो वितरण गर्न तपसिलमा उल्लेखित सदस्यहरु रहनेछ ।

गाउँपालिकाका अध्यक्ष:- संयोजक
सम्पुर्ण वडा अध्यक्षहरु: सदस्य
तोकीएको कार्यपालिका सदस्यहरु: सदस्य
प्रमुख प्रशासकीय अधिकृत: सदस्य

(२) एक घरमा एकभन्दा बढीलाई वितरण गरिनेछैन ।

(३) उपरोक्त समितिले अनुसूची-३ बमोजिमको ढाँचामा भरपाई तयार गर्नेछ ।

७. खरिद तथा भुक्तानी सम्बन्धी व्यवस्था:

(१) लाभग्राही घरपरिवारलाई वितरण गरिने ग्यास सिलिण्डर तथा चुल्हो खरिद सम्वन्धी व्यवस्था सार्वजनिक खरिद ऐन तथा नियमवाली वमोजिम हुनेछ ।

(२) उपदफा १ वमोजिम खरिद गरिएको ग्यास सिलिण्डर तथा चुल्होको भुक्तानी खरिद विल दाखिला रिपोर्ट भरपाई तथा अनुगमन प्रतिवेदन प्राप्त भएपछि मात्र भुक्तानी गरिनेछ ।

८. दण्ड जरिवाना:

(१) यदि कसैले नक्कली लाभग्राहीको रुपमा सेवा सुविधा लिएको प्रमाणित भएका वितरण गरिएको सामान जफत गरि कानुन बमोजिम कारवाही गरिनेछ ।

(२) यदि कसैले वितरण गरेको ग्यास अन्य प्रयोजन भएको पाईएमा निजलाई उक्त सामग्री बराबरको दण्ड जरिवाना गरि निजलाई यस गा पा बाट प्राप्त हुने सम्पुर्ण सेवा सुविधा बन्द गरिनेछ ।

९. अनुगमन:

(१) ग्यास सिलिण्डर तथा चुल्हो वितरण पुर्व वा वितरणको दौरान वा वितरण पछि कार्यक्रमको प्रभावकारीताको अनुगमन गर्न तपसिल बमोजिमको अनुगमन समिति रहनेछ ।

उपाध्यक्ष : संयोजक

प्रमुख प्रशासकीय अधिकृत : सदस्य

समबन्धीत वडा अध्यक्ष : सदस्य

तोकेको कार्यपालिका सदस्य : सदस्य

१०. बाधा अड्काउ फुकाउने:

(१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।



CamScanner

११. परिमार्जन संशोधन तथा खारेजी:

(१) कार्यविधिलाई आवश्यकता अनुसार गाउँकार्यपालिकाले परिमार्जन संशोधन तथा खारेजी गर्न सक्नेछ ।

## अनुसूची -१

### दफा ३ (१) र (२) सँग सम्बन्धित

### ग्यास सिलिण्डर/ ग्यास चुलो माग संकलन फाराम

| क्र स | घरमुलीको नाम थर | नागरिता नं | बुवाको/ श्रीमानकोनाम थर |
|---|---|---|---|
| | | | |

| बाजेको नाम | साविक गास.वि. | साविक वडा | हालको वडा नं |
|---|---|---|---|
| | | | |

| पारिवारको सदस्य संख्या | | | जग्गाको क्षेत्रफल |
|---|---|---|---|
| महिला | पुरुष | जम्मा | |
| | | | |

| आयश्रोतको विवरण | | | मोटामोटी बार्षिक आम्दानी |
|---|---|---|---|
| नोकरी | कृषि | व्यवसायी | |
| | | | |

| सम्पर्क नं | कैफियत् |
|---|---|

यस आ/ब भान्दा अगाडी यस प्रकृतीका वारागढी गाउँपालिकाद्धारा वितरण भएको अस्वस्थामा मात्र ग्यास सिलिण्डर/ ग्यास चुलो सेट मैले वा मेरो घरको कुनै पनि सदस्यहरुले सो सामग्रीहरु नबुझेको व्यहोरा ठिक/ साचो हो साथै माथि उल्लेखित विवरण समेत ठिक/ साचो हो पछिसम्म समेत फरक वा गलत ठहरेमा कानुन बमोजिम सजाय सहुला/ बुझौला।

औठाको छाप

| | |
|---|---|
| | |

निवेदक

नामः

ठेगानाः

सहीः

प्रमाणित गर्ने

नामः

पदः

सहीः

कार्यालयः

अनुसूची-२

दफा ५ सँग सम्बन्धित मिति:......................

गाउँपालिका स्तरीय लाभग्राही छनौट समितिबाट छनौट भएका लाभग्राही घर परिवारको विवरण

| क्र. स. | लाभग्राहीको नाम थर | ठेगाना | नागरिकता प्रमाणपत्र नं. | कैफियत् |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची ३

दफा ५ सँग सम्बन्धित

मितिः

## ग्यास सिलिण्डर तथा चुल्हो वितरण भरपाई

| क्र.स. | लाभग्राहीको नाम थर | ठेगाना | ना.प्र.प्र. | ग्यास सिलिण्डर तथा चुल्हो सेट थान १ | बुझिलिनेको सही छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रमाणिकरण मितिः २०७९/०९/०४ गते

**आज्ञाले**

प्रमुख प्रशासकीय अधिकृत

कमलेश कुमार मिश्र